जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक २९ २०८१ साल फागुन १८ गते आइतवार (2 Mar. 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** बिटौरी र ब्लक जग्गाको ... **पृष्ठ ३ मा :** देशको अवस्था र ... **पृष्ठ ४ मा :** पैसा तिरेर पानीसँगै रोग ... **पृष्ठ ५ मा :** पाँच वर्षिया बालिका ...

# मधेशवादी दल विस्तारै विघटन तिर गइरहेका छन् : अध्यक्ष प्रचण्ड




**राजविराज**/नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सप्तरीको डाक्नेश्वरी नगरपालिका १० बनौलामा निर्माण गरिएको सहिद रमेश रामको शालिक अनावरण गरेका छन् ।

हुलाकी सडकखण्ड केन्द्रित गरेर झापाको कचनकवलबाट सुरू गरिएको 'तराई मधेस जागरण अभियान' का क्रममा अध्यक्ष प्रचण्डले शनिबार शालिक अनावरण गरेका हुन् ।

डाक्नेश्वरी नगरपालिका १० बनौलमा मा जन्मेका देशको सामाजिक तथा राजनीतिक परिवर्तनका खातिर लड्दै आफ्नो सप्तरीकै बोदे बरसाइन बजारमा विसं २०६१ असार ४ गते साहदत प्राप्त गरेका सहिद रमेश रामको सम्फनामा शालिक निर्माण गरेको हो ।

यसअघि राजविराजमा आयोजित एक कार्यक्रममा अध्यक्ष पुष्पकमल दाहालले मधेश आन्दोलन र मधेशवादी दल भनिने पार्टीहरु विस्तारै विघट्न तिर गइरहेको बताएका छन् । पूर्व प्रधानमन्त्री समेत रहेका अध्यक्ष दाहालले मधेशलाई आत्मसम्मान र पहिचान दिने कामको जिम्मा हामीले लिनु पर्छ भन्ने आवश्यकता महसुस गरेर जागरण अभियान लिएर मधेश आएको उल्लेख गरे ।

उनले सप्तरीवासी गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंहलाई गणतन्त्र देशको पहिलो राष्ट्रपति हुनबाट मधेशवादी दलले नै बञ्चित गराएको आरोप लगाएका छन् । "मधेशको सम्मानका लागि सप्तरीवासी गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंहलाई देशको पहिलो राष्ट्रपति बनाउन चाहेको तर मधेशवादी दलकै कारण त्यसमा सफल हुन सकिएन् ।"

सम्बोधन कै क्रममा मधेशका जिल्लाहरुमा माओवादी पार्टी भित्र गुटवन्दी रहेकोले कार्यकर्ताहरुलाई गुटवन्दी त्यागेर एकजुट हुन नेता कार्यकर्तालाई निर्देशन समेत दिए । अभियानले मात्र मधेशमा धेरै परिणाम दिन नसक्ने बताउँदै उनले एक जुट हुन सबैसाग आग्रह पनि गरे ।

यस्तै नेकपा माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले सरकारमा हुँदा सुशासन विरुद्ध अभियान चलाएकोले भ्रष्टाचारीहरुको रक्षा गर्न आफूहरुलाई सरकारबाट फालिएको दावी गरे । उनले अहिलेको सरकारले दुई दले बहुदलिय व्यवस्था ल्याउन लागेको आरोप लगाउँदै समावेशीकरणलाई घटाउने गरी संविधान संशोधन गर्न नदिन आफ्नो पार्टी खवरदारीमा लागेको बताए ।

नेकपा माओवादी केन्द्र सप्तरीले आयोजना गरेको कार्यक्रममा उपाध्यक्ष अग्नि सापकोटा, महासचिव देव गुरुङ्ग, उपमहासचिव जनार्दन शर्मा, केन्द्रिय नेतृ पम्पा भुसाल, मधेश प्रदेश इन्चार्ज मातृका प्रसाद यादव, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्र राय यादव, पूर्व निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव, मुस्लिम अगुवा गणी अन्सारी, पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देव, जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव लगायतले पनि बोल्दै अभियान सफलताको शुभकामना र आ-आफ्ना सुझाव राखेका थिए ।

माओवादी अध्यक्ष दाहालले जिल्लाको रुपनी गाउँपालिका वडा नं. ४ स्थित छपकी भथौलमा सालिक अनावरण तथा जनसभालाई सम्बोधन गरेका थिए । उनले नेकपा माओवादीमा लागेर सहिद भएका इन्द्रदेव विश्वासको सालिक अनावरण पनि गरेका थिए ।

यस्तै जिल्लाकै खडक नगरपालिकामा आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्ष दाहालले मधेसको विकास र समृद्धिमा आफू नेतृत्वको पार्टीले निरन्तर ध्यान दिँदै आएको बताएका छन् ।

सङ्घीयता, समावेशिताको बढी आवश्यकता मधेसी समुदायलाई भएको र यसको नेतृत्वकर्ता माओवादी भएकाले अब माओवादी र मधेसी

***बाँकी अन्तिम पृष्ठमा***

# लामो समयदेखी सडक नबन्दा सास्ती भोग्नु परेको भन्दै चक्काजाम



**राजविराज**/राजविराज-हनुमाननगर सडक खण्डको झलहीमा स्थानीयले शनिबार चक्काजाम गरेका छन् ।

जिर्ण अवस्थमा रहेको सडक स्तरोन्नती कार्यको जिम्मा लिएका ठेकेदारको लापरवाही र ढिलाइका कारण आफूहरु सास्ती भोग्न बाध्य भएको भन्दै स्थानीयले चक्काजाम गरेका हुन् ।

पटक पटक म्याद थपिएपनि निर्माण कार्यलाई गति नदिइएको तथा सडकको दर्जनौं स्थानमा रहेको खाल्डा खुल्डो र हावाले उडाउने धुलोका कारण आफूहरुलाई सास्ती भोग्नु परिरहेको भन्दै आक्रोसित स्थानियवासीहरुले सडक अवरुद्ध पारेका हुन् ।

सडक अवरुद्ध गरिएपछि त्यस मार्गबाट संचालन हुने दर्जनौं सवारी साधन रोकिएको खवर पाएपछि पुगेको सुरक्षा निकायका उच्च अधिकारीको टोलीले स्थानियलाई सम्झाई बुझाई तथा निर्माण कम्पनीलाई काममा गति दिनु कडाईका साथ निर्देशन दिने आश्वासन दिएपछि २ घण्टा पश्चात आवागमन सूचारु भएको छ ।

यस अघि उक्त जिर्ण सडक मरमत संभार र स्तरोन्नती कार्यलाई गति प्रदान गर्न माग गर्दै तोपा, मन्सापुर र इनर्वामा दर्जनौं पटक स्थानियले सडक जाम गरिसकेका छन् ।

उक्त सडक निर्माण कार्यको २५ करोड ७१ लाख ४६ हजार रुपैयामा सप्तरीको शम्भुनाथ स्थित साह इन्जिनियरिङ्ग कन्सट्रक्सन प्रालिले ठेक्का पाएको छ । तर, समझौता अनुसार काम नभएको र पटक पटक म्याद थप्दा समेत काममा ढिलाइ गर्ने प्रवृति दोहृयाउँदै गएको भन्दै स्थानियले लापरवाही गर्ने ठेकेदार माथि कारवाही गनुपर्ने माग समेत गरेका छन् ।

# रिङ्कु सदालाई न्याय दिन माग

**राजविराज**/राष्ट्रिय मुक्ति पार्टीले सिरहाको नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी १७ वर्षीया रिङ्कुकुमारी सदाको सामूहिक बलात्कार र शङ्कास्पद मृत्यु घटनाका दोषीलाई कडाभन्दा कडा कारबाही गर्नुपर्ने माग गरेको छ ।

पार्टी अध्यक्ष राजेन्द्र महतोले शनिबार विज्ञप्ति जारी गरी सो घटनाका अपराधीलाई संरक्षण दिन खोजिएको आशङ्का व्यक्त गर्दै कडा कारवाही हुनुपर्ने माग गरेका हुन् ।

***बाँकी अन्तिम पृष्ठमा***

# आजदेखी रमजान सुरु

**राजविराज**/इस्लाम धर्मावलम्बीहरूको महान् पर्व रमजान मुबारक महिना आइतबारदेखि सुरु हुँदैछ । एक महिनासम्म चल्ने यो पर्वमा मुसलमानहरू दिनमा निराहार बस्छन् ।

रोजा बस्न मुसलमानहरूको उर्दू क्यालेण्डरअनुसार सूर्योदयभन्दा पहिले अर्थात् बिहानको नमाज पढ्नुअगावै केही खानेकुरा खाई प्रारम्भ हुने रोजा बेलुकाको नमाज (मगरिब)को आजान सुनेर खोल्ने चलन छ ।

निराहार बस्नुलाई रोजा भनिन्छ । रोजाको समय दैनिक सूर्य उदाउने र अस्ताउने समयसँगै समयतालिका पनि परिवर्तन भइरहन्छ । रोजा बस्न बिहान तोकिएको समयअगावै र बेलुका [redacted]छि आहार

उर्दू क्यालेण्डरअनुसार हिजरी संवत्को रमजान महिना नवौं महिना हो । रमजान महिनामा नै मुसलमानहरूको सबैभन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको हो भने यो महिनामा अल्लाहको कृतज्ञता प्राप्त हुने विश्वास लिएको छ ।

दान दिनु गरिब र दीनदुःखीको सेवा गर्नु, जकात निकाल्नु यो महिनाको विशेषता हो । व्रत बस्न आज साँझ मुसलमानहरूले चन्द्रमा हेर्ने गर्छन् ।

शरीरलाई चोखो राखेर मात्र रोज बस्नुपर्ने मान्यता छ । त्याग, तपस्या र बलिदान सबै जोडिने यो पर्वमा मुसलमानहरु रोजा बस्नुलाई गर्व मान्दछ । नवालक, बिरामी, घातक रोग लागेका र गर्भवतीलाई रोजा बस्न अनिवार्य छैन ।

## बालबालिकामा शिक्षाको पहुँच पुर्‍याऔं

- उमेर पुग्ने वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### जनतालाई दुःख दिने काम बन्द गरौं

सडक निर्माण कार्यले तिब्रता नलिदा अहिले सप्तरमा दिनहुँ सानो ठूलो दुर्घटना निम्तिरहेको छ। सप्तरीको विभिन्न स्थानमा अहिले सडक निर्माण कार्य भइरहेको छ। तर, सडक निर्माण कार्य अहिले सुस्त गतिमा रहेको छ। निर्माण कम्पनीले एक ठाउमा निर्माण कार्य सुरु गरेपछि सो काम अधुरै छाडेर अन्य स्थानमा काम सुरु गर्ने प्रबृतिले गर्दा दुर्घटनाको जोखिम समेत बढेको छ। ठाउँठाउँमा सडक र नाला निर्माण कार्यका कारण खाल्डो खनिएपछि त्यस कार्यलाई पूर्णता दिनुको साटो त्यतिकै छोड्नुले दुर्घटना निम्त्याउने काम गरेको छ।

यता राजविराजको विभिन्न वडाका सडकहरु वर्षौंदेखी निर्माणको पर्खाइरहेको अवस्थामा अहिले सडकहरुको निर्माण तथा मर्मत सम्भारको कार्यहरु सुरु त भयो तर अधुरै रहेका छन्। विगत ६ महिना बढी समयदेखी निर्माण कार्य सुरु भएको स्थानहरुमा अहिलेसम्म निर्माण कम्पनी आफैले हेर्न समेत आएको छैन्। यस्तो प्रकारको कार्यले कस्तो परिणाम देखाउने हो त !

जिल्लामा भइरहेको सडक निर्माण कार्य सकारात्मक पक्ष हो तर, यसलाई समयमै पुरा गर्न निर्माण कम्पनिले तदारुकता देखाउनु पनि उत्तिकै आवश्यक छ। तसर्थ यस्ता लापरवाही कार्यलाई अविलम्ब सच्याएर निर्माण कार्यलाई समयमै पूरा गरि जनतालाई दुःख दिने काम बन्द गर्नु नै उपलब्धीमूलक कार्य हो।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# बिटौरी र ब्लक जग्गाको लालपूर्जा माग गर्दै आन्दोलन सुरु

## माओवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री दाहाललाई अनुरोध पत्र





**राजविराज**/पुस्तौदेखि विटौरी र ब्लक जग्गामा बसोवास गर्दै आएका राजविराज नगरपालिकाका नागरिकको तर्फबाट गठित संघर्ष समितिले शुक्रवार पूर्व प्रधानमन्त्री एवम् नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई सहयोगका लागि आग्रह सहित अनुरोध पत्र बुझाएका छन्।

जनतासँग माओवादी हुलाकी राजमार्ग केन्द्रित मधेश जागरण अभियानका क्रममा शुक्रवार राजविराज आईपुगेका उनलाई संघर्ष समितिले अनुरोध पत्र बुझाएका हुन्।

अनुधरो पत्र बुझ्दै अध्यक्ष प्रचण्डले राजविराज नगरवासीको जायज माग पुरा गराउन आफुले आवश्यक पहल र सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

यसअघि राजविराज नगरपालिकाका बासिन्दाहरु बिटौरी र ब्लक जग्गाको लालपूर्जा तथा विभिन्न सात बुदे माग राख्दै बिहीबारदेखी पहिलो चरणको आन्दोलन स्वरुप सडक संघर्षमा उत्रेका छन्।

उक्त समस्या समधानको माग गर्दै यसअघि दर्जनौं पटक राजविराज नगरपालिका तथा प्रमुख जिल्ला अधिकारी मार्फत सरोकारवाला निकाय र प्रधानमन्त्रीसम्म ज्ञापनपत्र पठाई ध्यानाकर्षण गराउदा पनि कुनै सुनुवाई नभएकाले बाध्य भई चरणबद्ध आन्दोलनको घोषणासहित सडक संघर्षमा उत्रेको संघर्ष समितिले जनाएको छ।

संघर्ष समितिका संयोजक इर्साद अन्सारीले यसलाई निर्णायक आन्दोलनको संज्ञा दिदै अब माग पूरा नभएसम्म आन्दोलन नरोकिने जनाएका छन्। उनले बिचौलिया र भू-माफियाको चलखेलका कारण पनि स्थानीय सरकार र प्रशासनदेखी संघीय सरकारसम्म यस विषयमा उदासिन रहेको आरोप लगाए।

संघर्ष समितिले नगरको करिब ६८ विगहा क्षेत्रफलमा बिटौरी तथा ब्लक जग्गामा पुस्तौदेखी बसोवास गर्दै आएका करिब ५ हजार २ सय परिवार अहिलेसम्म लालपूर्जा पाउन नसकेको भन्दै अविलम्ब लालपूर्जा उपलब्ध गराउनु पर्ने प्रमुख माग उठाएका छन्।

यस्तै राजविराज हटियामा निर्माणाधीन व्यवसायीक कम्प्लेक्सको निर्माण कार्य यथास्रिघ सम्पन्न गरी व्यवसायीलाई हस्तान्तरण, नयाँ बसपार्कको अधुरो निर्माण कार्य अविलम्ब पूरा गरि संचालन, राजरंगशालाको स्तरोन्तरी, खाँडो नदी तटबन्ध क्षेत्रका जग्गाको नापी र राजविराज-कंचनपुर सडक खण्ड निर्माण कार्यमा देखिएको समस्याको समाधान लगायतका मागहरु पनि संघर्ष समितिले अघि सारेका छन्।

उक्त मागहरु पुरा गराउन दबाब दिने उद्देश्यले स्थानीय शिव मन्दिरको प्राङ्गणबाट सयौंको संख्यामा निस्केको जुलुस स्थानीय जनआन्दोलन चौकमा पुगि बिरोध सभामा परिणत भएको थियो।

बिरोधसभामा संघर्ष समितिका संयोजक अन्सारी, पूर्व गृहराज्य मन्त्री रामकुमार चौधरी, उद्योग बाणिज्य संघ सप्तरीका पूर्व अध्यक्ष मनोज मुन्धडा, बौद्धिक अपाङ्गता अभिभावक संघका अध्यक्ष जगदीश अर्याल, समाजसेवी सुवि यादव, काँग्रेसका युवा नेता शम्भुलाल देव, बिरेन्द्र साह, प्रभातकुमार ललन, इन्द्रकुमार देव, अनिल देव, नेवि संघ सप्तरीका सभापति राकेश ठाकुर लगायतले ज्ञापन पत्र बुझाएको लामो समय बितिसक्दा पनि स्थानीय सरकार र प्रशासन समस्या समाधानका लागि गम्भिर नबनेको र भिडन्त तथा रक्तपातको स्थती सृजना गर्न खोजेको आरोप लगाए।

पहिलो चरणमा संघर्ष समितिले फागुन १८ गते राजविराज बजार बन्द, फागुन २१ गते नगरका घर तथा पसल पसलमा कालो झण्डा झुण्ड्याउने, फागुन २५ गते राजविराज नगरपालिका कार्यालयमा तालाबन्दी, फागुन २८ गते राजविराजस्थित नापी र मालपोत कार्यालयमा तालाबन्दी तथा चैत ४ देखी गजेन्द्र चौकमा अनिश्चितकालिन रिले अनशन लगायतका आन्दोलन कार्यक्रम घोषणा गरेको छ।

यसअघि सप्तरीका सम्पूर्ण राजनीतिक दलहरुको तर्फबाट समेत बिटौरी र ब्लक जग्गामा नगर स्थापना कालदेखी नै बसोवास गर्दै आएका नगरवासीलाई अविलम्ब लालपूर्जा प्रदान गर्नु पर्ने भन्दै प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत प्रधानमनत्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएका थिए।

# भूमिहीनको समस्या समाधान गर्ने प्रतिबद्धता

**राजविराज**/भुमि समस्या समाधान आयोग सप्तरीका अध्यक्ष अखिलेश कुमार झाले जिल्लाका भूमिहीनको समस्या आफ्नै कार्यकालमा समाधान गर्ने प्रतिबद्धता जनाएका छन्।

मंगलवार आयोगको विज्ञ सदस्यमा नियुक्त भएका पञ्च देव चौधरी र महिला सदस्यमा नियुक्त भएकी नानु चौधरीलाई पद तथा गोपनियताको शपथ गराउदै उनले यस्तो प्रतिबद्धता जनाएका हुन।

सोही कार्यक्रममा अध्यक्ष झाले राजविराज नगरक्षेत्रको विटौरी, ब्लक जग्गामा पुर्खौदेखी वसोवास गर्दै आएका नागरिकलाई लालपुर्जा तथा जिल्लाका भुमिहिनको पहिचान गरि आफ्नै कार्यकालमा जग्गा उपलब्ध गराउने बताए।

राजविराज नगरक्षेत्रमा पुस्तो देखी वसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवार हाल सम्म लालपुर्जा पाउन नसक्दा समस्यामा छन्।

यता नगरवासी विटौरी र ब्लक जग्गाको लालपुर्जासहित नगरका अन्य समस्या समाधानको माग गर्दै संर्घष समिति नै गठन गरी यही फागुन १५ गतेदेखी बिरोध प्रर्दशन, बजार बन्द, नगरपालिका, नापी, मालपोत लगायतका कार्यालयमा तालाबन्दी, रिले अनसन लगायतका चरणबद्ध आन्दोलन कार्यक्रम घोषणा गरिसकेका छन्।

संघर्ष समितिका अध्यक्ष इरसाद अंसारीले विटौरी र ब्लक जग्गाको वर्षौ देखी कर लिने गरेको राजविराज नगरपालिकाले लालपुर्जा, नक्शापास उपलब्ध नगराउँदा बैङ्क तथा वित्तिय संस्थाले त्यस्तो जग्गा स्वीकार गर्न नमानेको भन्दै यसले गर्दा यहाँको व्यापार व्यवसाय चौपट हुनुका साथै शिक्ष, उपचार लगायतका कार्य गर्न पनि नगरवासीलाई समस्या भएको बताए।

नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद सदस्य मनोज कुमार माझीले हजारौ परिवारको पीडा संग जोडिएको नगरको विटौरी र ब्लक जग्गाको समस्या समय मै समाधान गर्न आयोगका नवनियुक्त पदाधीकारीहरुले गम्भिरता देखाउनु पर्ने भन्दै सफल कार्यकालको शुभकामना दिए।

कार्यक्रममा आयोगका सदस्य सचिव समेत रहेका नापी कार्यालयका प्रमुख सुमन किशोर मिश्र, डिभिजन बन कार्यालयका अधिकृत शशिन्द यादव लगायतले पनि विटौरी र ब्लक जग्गाको समस्या समाधान बारे आ-आफ्नो सुझाव सहित नवनियुक्त पदाधीकारीहरुलाई सफल कार्यकालको शुभकामना दिएका थिए।

# विद्यार्थीहरुलाई कपी कलम सहयोग

**राजविराज**/सप्तरीको विष्णुपुर गाउँपालिकाले विद्यालयसम्म ल्याउन प्रोत्साहन स्वरुप विद्यार्थीहरुलाई कपी कलम सहयोग उपलब्ध गराएको छ।

गाउँपालिका अध्यक्ष उमेशप्रसाद यादवले मंगलबार वडा नं ७ स्थित दुईवटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पालिको तर्फबाट कपी र डटपेन सहयोग उपलब्ध गराएका हुन्।

गाउँपालिकाको वडा नं ७ मा रहेको जनता माध्यमिक विद्यालय इटहरी र आधारभूत विद्यालय विष्णुपुरका २ सय ५ जना अध्ययनरत विद्यार्थीहरुलाई पालिकाको तर्फबाट कपी र डटपेन उपलब्ध गराईएको अध्यक्ष यादवले जानकारी दिए।

उनले जनता मावि इटहरीमा कक्षा ६ देखि १० सम्म र आधारभूत विद्यालय विष्णुपुरमा कक्षा ६ र ७ का २ सय ५ जना छात्रछात्राहरुलाई १ हजार ४ सय ८० थान कपी र ४ सय २४ थान डटपेन उपलब्ध गराएको उनले जानकारी दिए।

यसरी उनीहरुलाई बेलाबेलामा थोरै शैक्षिक सामग्रीको सहयोग भयो भने विद्यार्थीहरुको मनोवल उच्च हुने र उनीहरु नियमित विद्यालयमा पढ्न आउने अध्यक्ष यादवले विश्वास व्यक्त गरे।

# देशको अवस्था र अबको बाटो

**बालकृष्ण मैनाली**

घरदेखि समाज, समाजदेखि राष्ट्र र राष्ट्रदेखि विश्वसम्म नै सम्पूर्ण मानवको बाँच्ने आधार भनेको प्रकृतिले प्रदान गरेको केही विधि र जनजनको सहयोगमा राज्यसत्ताले निर्माण गरी स्थापित गरिदिएका विधिहरु नै हुन् ।

समय र कालअनुसार दुवै विधि एकैचोटि वा फरक-फरक समयमा परिवर्तन हुन सक्छ । तर प्रकृतिले प्रदान गरेको प्रायः अपरिवर्तनीय हुन्छ । अपरिवर्तनीय नियममा किञ्चित तल-माथि नगरीकन पालना गर्न सक्यो भने मानवले बाँचुन्जेल खासै कष्ट व्यहोर्नुपर्दैन ।

कथंकदाचित जानेर वा नजानेर त्यो विधिलाई मानवले तोड्ने प्रयास गऱ्यो भने मानवअंगले दुःख पाइछाड्छ । यस कुरामा कतै विमति छैन । सामान्य उदाहरणका लागि प्रकृतिले पाँच ज्ञानेन्द्रियहरु मानवलाई प्रदान गरेको छ, जसमध्ये नाक र मुख पनि हो । प्रकृतिले नाक र मुखको विधि तोकिदिएको छ, जसमध्ये नाकको एउटा महत्वपूर्ण कार्य श्वास लिनु र फाल्नु हो भने मुखका कामहरुमध्ये एउटा भोक लागेको बेलामा वा आवश्यकताअनुसार अन्न ग्रहण गर्नु हो अनि आफ्नो भनाइ बोलेर व्यक्त गर्नु हो ।

यदि मानवले प्रकृतिको विधिलाई मिचेर कानबाटै अन्न ग्रहण गरी आफनो भोक-प्यास मेट्ने प्रयास गऱ्यो भने के होला ? अथवा नाक र मुख दुवैलाई बन्द गरिदियो भने मानव कति अवधिसम्म जीवित रहला ? पक्कै हो यदि कुनै मानवले यस्तो कार्य गर्छ भने त्यो मानवको अंगले दुःख पाउँछ-पाँउछ वा जीवन परित्याग गर्ने अवस्थामा पुग्छ ।

त्यस्तै देशलाई सुखी-समृद्धि बनाउन चालिने थुप्रै आधारमध्ये विधिको शासनलाई एउटा महत्वपूर्ण आधार मानिन्छ । सुखी परिवार वा सुखी समाजको आधार पनि त्यही नै हो । किनकि कहीं न कहीं विधिको आवश्यकता हुन्छ नै, विधिलाई नाघ्नासाथ त्यहाँ समस्या पैदा भइहाल्छ । प्रत्येक देशको शासन व्यवस्था पनि त्यस्तै हो । विधिअनुसार देशलाई अगाडि बढाउन सक्यो भने देशका जनताले आफ्नो अधिकार उपभोग गर्दै आ-आफ्नो कर्तव्य निर्वाह गर्ने जमर्को गर्दछन् । यदि देशलाई विधिभन्दा बाहिर गएर आफूखुशी हाँक्न खोजिन्छ र प्रयास गरिन्छ भने जनताले आफ्नो कर्तव्य निभाउन बिर्सन्छन्, जसको परिणति सुखद हुन सक्दैन ।

प्रायः जनजन विभिन्न विपत्तिमार्फत अर्थात् प्राकृतिक विपत्तिदेखि लिएर सरकारको नीतिगत विपत्तिका कारणले हैरान खेपिरहेको तथ्य लुकेको छैन । यस्ता विपत्तिहरुबाट जनजनले कहिले छुटकारा पाउने हो ? कुनै टुंगो छैन । देशमा बेलाबेलामा देखा परिरहने यस्ता समस्यालाई सार्थकरुपमा छोटोभन्दा छोटो अवधिमा कसरी सम्बोधन गरेर पार पाउने भनी लागिपर्नुको सट्टा स्वार्थकेन्द्रित विषयलाई जहिले पनि प्राथमिकतामा पारेको देख्दा जनजन आत्तिन पुगेका छन् ।

पछिल्लोपटक सञ्चारमा छाएका विभिन्न समाचारहरुले माथि उल्लिखित कुराहरुलाई शतप्रतिशत प्रतिनिधित्व गरिरहेका छन् । यो वा त्यो नाउँमा दुई तिहाइको दम्भले कहिल्यै नथाकेका राजनीतिक व्यवसायीहरुभित्रको आन्तरिक कचिङ्गल र आफ्नो गुटगत स्वार्थको लागि भइरहने कामले कहिल्यै विश्राम पाएन । देशमा वर्तमान संविधान लागू भइसकेपछि पनि पटक-पटकका सरकारले संवैधानिक दुरुपयोगको प्रयासलाई निम्त्याउने गरिरहेका छन् । विभिन्न अध्यादेश ल्याउने र खारेज गर्ने प्रयोजनमा पनि संवैधानिक धाराहरु दुरुपयोगको रुपमा सलबलाइरहेका छन् ।

पटक-पटक हुने र भइरहने यस्ता कार्यहरुले गर्दा संविधानका सबै धाराहरुमा प्रत्यक्ष, अप्रत्यक्ष असर पर्ने गरेको छ । संविधानका सबै धाराहरु निष्क्रियको अवस्थाबाट गुज्रिन बाध्य हुन पुगेका छन् । सत्ताका शासकहरुले बेलाबेलामा चालिने गैरसंवैधानिक कार्यले संविधानका प्रायः सबै जनहितकारी धाराहरु ओझेलमा पर्दै गएको जनजनमा अनुभूति हुन पुगेको धेरै समय व्यतीत भइसकेको छ ।

सत्तामा पुग्नेहरुलाई जनहितको लागि केही तत्काल कार्य गर्नुपर्ने अवस्था सिर्जना भएमा उक्त प्रयोजनको लागि संविधानमा केही खुकुलो धाराहरुको व्यवस्था गरिएको हुन्छ । हो, हाम्रो संविधानमा पनि धारा ११४ एउटा खुकुलो धारा हो । कुनै पनि खुकुलो धारालाई आफ्नो सीमित स्वार्थको लागि प्रयोग गरिनुहुँदैन । देशको विडम्बना नै मान्नुपर्दछ, पटक-पटक सत्तामा पुग्ने राजनीतिक व्यवसायीहरुले यो वा त्यो नाउँमा खुकुलो र विशेष परिस्थितिमा प्रयोग गरिनुपर्ने धारालाई आफ्ना लहडबाजीको रुपमा प्रयोग गरिने कार्यले तीव्रता पाउँदै गयो । कुनै पनि शासकले संविधानको खुकुलो धारा प्रयोग गर्दा संवैधानिक मर्ममाथि प्रहार हुन जान्छ कि भनेर सदैव सचेत हुनुपर्दथ्यो । विडम्बना, यस किसिमको कुरा राज्य सञ्चालन गर्ने नेतृत्वहरुको प्राथमिकतामा कहिल्यै पर्न सकेन ।

देशका हाम्रा राजनीतिक व्यवसायीहरुले आ-आफ्ना स्वार्थरुपी चरित्रहरु प्रदर्शन गर्ने प्रक्रियाहरुको अन्त्य हुनै सकेको छैन । पछिल्लो सार्वजनिक भएको विभिन्न समाचारहरुले यसै कुरालाई प्रतिनिधित्व गर्दछ । अहिले एकातिर पेस भएको अध्यादेशको समाचारले देश गर्माएको छ । अध्यादेश ल्याउनुको औचित्य ठीक भए वा नभएको बारेमा सत्तासीन दलहरु एमाले र कांग्रेसभित्रै एक-अर्कालाई व्यङ्ग्यात्मक प्रहार गर्ने कार्य शुरु गर्न थालिसकेका छन् ।

कोही अध्यादेशको औचित्य नरहेको कुरालाई प्रथमिकता दिन्छन् भने कोही अध्यादेशका आवश्यकतालाई प्राथमिकता दिन्छन् । कोही अध्यादेशलाई पारित गर्ने बहानामा सत्ताको भऱ्याङ चढ्न आतुर छन् भने कोही यही विषयलाई लिएर प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिएर बाटो सहज पारिदिन ड्याराड्यारसमेत गर्ने गरेका छन् । सरकार र नागरिकहरुको सम्बन्ध नङ र मासुको जस्तो हुनै पर्दछ ।

यस्तो सम्बन्ध कायम रहन सक्यो भने सरकारलाई पीडा हुँदा नागरिकलाई पनि पीडा हुन्छ र नागरिकलाई पीडा हुँदा सरकारलाई पनि पीडा हुन्छ । सामाजिक सञ्जालमा गरिएको पोस्ट र राज्यमा यता केही समयदेखि देखिन थालेका जनजनका आवाजहरुदेखि लिएर दैनिक तथा साप्ताहिक समाचारपत्रहरुमा सार्वजनिक भएका प्रतिनिधि समाचारहरुले राज्य अझै नागरिकसँग टाढिएको नै अनुभूति गराएको छ ।

'नेपालमा झन् बढ्यो भ्रष्टाचार', 'विभिन्न भ्रष्टाचारका मुद्दाहरु पनि फिर्ता लिन सकिने प्रावधान राख्ने प्रयास', 'प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति विवरण लुकाउन थालियो', 'विनोद चौधरीलाई सातखत माफ', '५२ विवादित संवैधानिक नियुक्तिको विषयमा चार वर्षपछि १२ औं पेसीमा सुनुवाइ शुरु', 'संसद् विघटनको विपक्षमा गए प्रधानन्यायाधीश हुन नदिने धम्की', 'चल्न सक्ने मुद्दाहरु पनि नचल्नेको सूचीमा समावेश' आदि शीर्षकका समाचारहरुले देशमा प्रतिनिधित्व गरिरहेका छन् ।

एउटा विगतको सत्य के हो भने, मतदानको माध्यमबाट जनजनले मत दिएर सरकार गठनमा जसरी सहयोग पुऱ्याउने कार्य गरे, दलीयरुपमा गठन हुने कुनै पनि सरकारलाई नागरिक सरकारकै रुपमा ग्रहण गर्ने गरी पठाएका थिए । जो-जो व्यक्ति सरकारमा सहभागी भए पनि व्यक्तिलाई गौण ठानी समुच्चरुपमा देशमा नागरिक सरकार छ भन्ने कुराको जनजनले अनुभूति लिने प्रयत्न गरेका थिए ।

विडम्बना, विभिन्न मितिमा संविधानसभादेखि लिएर स्थानीय निकाय र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसक्दा पनि दलीय नेतृत्वहरुले सुझबुझरुपमा देशको शासन सत्ता सञ्चालन गर्न असफल नै रहे । आजसम्मको सरकारी कार्यको नतिजाको प्रतिशतलाई अध्ययन गर्दा देशमा नागरिक सरकार छ भन्ने कुराको अनुभूति दिन असफल रहेको विज्ञहरुको ठम्याइ छ ।

यस अर्थमा वर्तमान प्रधानमन्त्री वा अन्य कुनै पनि दलको प्रधानमन्त्री भए पनि, संविधानको धारा ७८ अनुसार प्रधानमन्त्रीले आफ्नै नेतृत्वमा स्वतन्त्र विज्ञहरुलाई आह्वान गरी नागरिक सरकारको गठन गर्ने कार्यलाई प्राथमिकता दिएर विज्ञहरुकै सल्लाहअनुसार भ्रष्टाचार नियन्त्रण गर्न कठोरतापूर्वक लागिनपरीकन देश शुद्धीकरणतिर अगाडि बढ्न सक्दैन । यसमा जुनसुकै दल प्रतिपक्षीको रुपमा देखिए पनि सम्बन्धित राजनीतिक दलले असहमति देखाउनुको साटो त्यस किसिमको सरकार गठनमा सहयोग गरेर भूमिका खेलमा सबै राजनीतिक दलहरुको सुझबुझको जनजनले तारिफ गर्नेछन् ।

सर्वप्रथम जुनसुकै दलको प्रधानमन्त्री भए पनि तिनले कम्तीमा एक सय एकजना विज्ञहरुको सूची बनाउन अनिवार्य हुन्छ । ती विज्ञहरु स्वतन्त्र नागरिकहरुको हैसियतमा रहेका समाजसेवी, अधिकारवादी, डाक्टर, कानुनविद्, सामाजिक अभियन्ता प्रशासक, व्यवस्थापक कृषिविज्ञ, अर्थविज्ञ, रोजगारविज्ञ, उद्योगी, परराष्ट्रविद्, द्वन्द्वविज्ञ, न्यायविद्, सञ्चारविद्, भूमिविज्ञ, जलस्रोतविज्ञ, वैज्ञानिकलगायत अन्य विशिष्ट व्यक्तिहरु जो यस कठिन घडीमा राष्ट्रलाई सहयोग गर्न तत्परता देखाउँछन् र देखाएका छन्, तिनीहरुको सूची बनाई उनीहरुसँग तत्काल छलफल चलाउनुपर्दछ ।

छलफलपश्चात् आवश्यक पर्ने विज्ञहरुलाई यथास्थानमा नियुक्ति गरी जिम्मेवारी सुम्पिने कार्य हुन सक्यो भने देशले वर्तमान समस्यालाई सम्बोधन गर्न थप बल पुग्ने सम्भावनामा अभिवृद्धि हुन जान्छ । यति काम हुन सक्यो भने जो जुनसुकै दलको प्रधानमन्त्री भए पनि त्यस किसिमको सरकारलाई जनताको साथ प्राप्त भइरहनेछ । कथंकदाचित वा कुनै कारणबाट विज्ञहरु सम्मिलित सरकारको प्रधानमन्त्रीलाई हटाउने कहीं कतैबाट कुत्सित प्रयास हुन पुग्यो भने पनि जनता ढाल भएर अगाडि उभिनेछन् ।

वर्तमान प्रधानमन्त्रीले नै यो आँट प्रदर्शन गर्न सक्नुभो र तत्पश्चात् पनि कुनै स्वदेशी वा विदेशी शक्तिले षड्यन्त्रमूलक तरिकाले उहाँलाई हटाइएमा पनि उहाँको नाम अमर रहिरहनेछ र जटिल परिस्थितिमा नागरिक सरकारको गठनमार्फत समस्या सम्बोधनको शुरुवात गर्ने देशको प्रथम प्रधानमन्त्रीको रुपमा उहाँको नाम इतिहासमा पनि लेखिनेछ ।

विश्वका विशिष्ट व्यक्तिहरु त्यसै विश्वविख्यात भएका होइनन् भन्ने कुरा यहाँ इंगित गरिरहनुपर्दैन । देश र जनताप्रतिको सेवाभावना र त्यागले नै मानवजीवनलाई महान् बनाउँछ । वर्तमानमा करिब दुई-अढाइ वर्ष बाँकी रहेको प्रधानमन्त्रीत्व पदलाई यो मार्गबाट अवलम्बन गर्ने प्रयासमा सरिक हुन सक्नुभो भने कम्तीमा जानी नजानी आफ्नो तर्फबाट हुन गएको गल्तीको प्रायश्चित्त गरिएको ठहरिनेछ । (लेखक मैनाली अधिवक्ता हुनुहुन्छ ।)
न्युज अफ नेपालबाट

# विद्यालयको नाममा अदालतको अन्तिरिम आदेश

**राजविराज**/उच्च अदालत जनकपुर, राजविराज इजलासले शिक्षक भर्नाका लागि परीक्षा र सो संग सम्बन्धित काम काज नगर्न नगराउन राष्ट्रिय प्राथमिक विद्यालय वरही विरपुरको नाममा अल्पकालिन अन्तिरिम आदेश दिएको छ ।

रोहित कुमार रायले राष्ट्रिय प्राथमिक विद्यालय वरही विरपुर सप्तरी समेतलाई विपक्षी बनाएर दायर गरेको उत्प्रेषणको रिट निवेदन माथि सोमबार सुनुवाई गर्दै उच्च अदालतका न्यायाधीश माधव धितालको इजलाशले अल्पकालिन अन्तिरिम आदेश जारी गरेको हो ।

छिन्नमस्ता गाउँपालिका वडा नम्बर १ स्थित रहेको उक्त विद्यालयले फागुन १३ गते मंगलबार बालविकास सहजकर्ता १ र राहत शिक्षक २ पदका लागि परीक्षा लिने तयारी गरेको थियो ।

"विज्ञापन वमोजिम वालविकास सहज कर्ता १ र राहत कोटा २ शिक्षक पदको मिति २०८१/११/१३ गतेका दिन हुने भनिएको परिक्षा लगायत सो संग सम्वन्धित सम्पूर्ण निर्णय पत्र र कामकाज नगर्नु नगराउनु भनि विपक्षीहरुको नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ" अदालतले जारी गरेको आदेशमा भनिएको छ ।

अदालतले दुवै पक्षको छलफल सुनेर मात्र अन्तरिम आदेश जारी हुने वा नहुने सम्वन्धमा निष्कर्षमा पुग्न उपयुक्त हुने देखिएकोले अन्तरिम आदेश सम्बन्धी छलफल प्रयोजनको लागि मिति २०८१ फागुन २० गते दुवैपक्षलाई आफ्ना सबुत प्रमाण सहित उपस्थित हुन भनेको हो ।

निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सोसमेत उल्लेख गरी म्याद सूचना तामेल भएका मितिले बाटाका म्याद वाहेक १५ (पन्द्र) दिनभित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेशमा उल्लेख छ ।

यता विद्यालयका प्रअ पंचदेव यादवले आफूले उच्च अदालतले दिएको आदेशको सम्मान गर्दै परीक्षा स्थगित गरिएको बताए ।

उनले बाल विकास सहजकर्ता १ र राहत २ पदका लागि फागुन १३ मा परीक्षा दिने तयारी गरिएको भएपनि उच्च अदालतबाट अल्पकालिन अन्तिरिम आदेश आएपछि मुद्दा टुङ्गो नलागे सम्मको लागि आदेश अनुसारको सबै काम काज स्थगित गरिएको जानकारी दिए ।

# जसपा निकट महिला संघको अध्यक्षमा रमिला देवी

**राजविराज**/जसपा नेपाल निकट समाजवादी महिला सघ नेपाल सप्तरीको अध्यक्षमा रमिला देवी साह सर्वसम्मतिवाट चयन भएकी छिन ।



समाजवादी महिला संघको पहिलो जिल्ला अधिवेशनवाट साहको अध्यक्षतामा १७ सदस्यिय जिल्ला कार्यसमिति चयन गरिएको छ ।

गठित समितिको उपाध्यक्षमा मन्जु खडका, आशा कुमारी साह, सचिवमा नितु पण्डित, सहसचिवमा आशा कुमारी तमाङ, सुस्मिता साह, गिता मण्डल र कोषाध्यक्षमा उषा कुमारी देव चयन भएकी छिन ।

यसैगरी सदस्यहरूमा ममता कुमारी दास, सविता यादव, आशा देवी साह, सरनिता यादव, तिलेदेवी रजक, रिमा चौधरी, ममिना खातुन, विना देवी यादब, नविना ख्वास रहेकी छिन् ।

उक्त अवसरमा जसपा नेपालका केन्द्रिय सदस्य तथा अधिवेशनको संयोजक गिता यादब तथा जसपा नेपाल केन्द्रिय सदस्य मधेश प्रदेश सभा सदस्य किरण कुमारी साह, मधेश प्रदेश पूर्व उपसभामुख तथा केन्द्रिय सदस्य उपमा देव, जसपा केन्द्रिय सदस्य पुनम यादव, जसपा जिल्ला अध्यक्ष केदार यादब, युवा नेता लक्ष्मण यादब, विद्यार्थी नेता श्याम कुमार यादब लगायतको उपस्थिति रहेको थियो ।

# पैसा तिरेर पानीसँगै रोग किनिरहेका छौं

**कपिलनाथ कोइराला**

पोखरा अन्तर्राष्ट्रियस्तरमा परिचित सहर हो । पर्यटनको राजधानी पनि हो पोखरा । यहाँका नागरिक बढी शिक्षित र सभ्य छन् । यति सुन्दर सहरमा वितरण हुने पानी शुद्ध छैन भन्नुपर्दा योभन्दा लाजमर्दो के हुन्छ ?

शुद्ध र स्वच्छ पानी पाउने उपभोक्ताको मौलिक हक हो तर पोखरेली उपभोक्ताले शुद्ध पानी कहिले पाउँछन् ? प्रश्न कसलाई गर्नुपर्ने हो ? कोसँग माग्यो भने शुद्ध पानी पाइन्छ ?

एकातिर पानी अभाव छ, अर्कोतिर वितरित पानी पनि अशुद्ध । नागरिकको स्वास्थ्यमा गम्भीर लापर्बाही भइरहेको छ । न खानेपानी संस्थानले वितरण गर्ने पानी शुद्ध छ, न त जार र बोतलको पानी शुद्ध छ । धारामा धमिलो पानी आउने, कोलिफर्म मिसिएको पानी आउने समस्या आजको होइन । यो समस्या अन्त्य गर्ने उपायको खोजी पर्याप्त भइरहेका छैनन् । पोखरेली उपभोक्ताहरू हरेक हिसाबले ठगिएका छन् । वास्तवमा सरकारले गरेको एक प्रकारको ठगी हो यो ।

भनेको बेला पानी आउँदैन । पानी वितरण प्रणालीका कारण उपभोक्तालाई मर्का परेको छ । अर्कोतिर पानीको महसुल तथा जरिवाना चर्को छ । पानीजस्तो आधारभूत उपभोग्य वस्तुबाट सरकारले नाफा कमाउने होइन । सरकारले सकेसम्म निःशुल्क दिने हो । झन् संस्थान खडा गरेर नाफा कमाउने साधन बनाउनु गलत छ । निजी कम्पनीहरूले पनि संस्थानको कमजोरीबाट नाफा कमाएका छन् । चर्को मूल्यमा पानी बेच्ने, कार्टेलिङ गर्ने काम भइरहेको छ ।

खोलाको पानी यति महँगोमा किन्नु परेको छ । त्यसपछि गुणस्तरको कुरा आउँछ । गुणस्तरीय पानी बेचेका छौं भनेर संस्थानले ग्यारेण्टी गर्न सकेको छैन । खोलाको पानी भरेर बेच्ने निजी कम्पनीहरूले झन् कहाँबाट त्यस्तो ग्यारेण्टी दिन सक्नु ? हरेक दिन नभए पनि हप्तैपिच्छे ल्याब रिपोर्ट सार्वजनिक गर्नुपर्छ । जबकि रिपोर्ट हेरेर उपभोक्ताले ढुक्कसँग पानी प्रयोग गर्न सकून् । हामी भने धमिलो पानी खान सकिएन, शुद्ध पानी देऊ भनेर माग्नुपर्ने लज्जास्पद अवस्थामा छौं ।

सरकारी रिपोर्टहरूले नै पानीका कारण ८० प्रतिशत रोग लाग्छ भनेको छ । सरकारले निरोगी देश बनाउने भनेर अर्बौं खर्च गरिरहेको छ तर उसैले वितरण गरेको पानीका कारण जनता दिन प्रतिदिन रोग थप्दै बसेका छन् । यसमा जिम्मेवारी कसले लिन्छ ?

पानी गुणस्तरीय देऊ, जरिवाना नलगाऊ, सस्तो बनाइदेऊ, वितरण प्रणाली राम्रो बनाइदेऊ भनेर यति सामान्य एजेण्डामा हामी बिथोलिएका छौं । पोखराको पानीमा जे जति समस्या छ, यसमा सरकारकै कमी कमजोरी बढी छ । सचेतनाको कुरा पनि छ । साधन र स्रोतको परिचालनको कुरा पनि जोडिन्छ ।

सरकारले प्राथमिकता नदिएको कुरा सत्य हो । पोखराको पानी वितरणमा जनताको सबैभन्दा नजिकको सरकार पोखरा महानगरपालिका जोडिएकै छैन । यो त वास्तवमा स्थानीय सरकारले ध्यान दिनुपर्ने कुरा होइन र ? स्थानीय सरकारले जवाफ दिनुपर्छ । स्थानीय सरकारले गर्न सक्ने धेरै कुरा छन्, गर्न सकेको छैन । अझ भनौं, गर्न ध्यान दिएको छैन । पालिकाले महत्त्व दिएर समस्या समाधानमा पहल गर्नुपर्छ ।

सानो वर्षा हुने बित्तिकै हामी उपभोक्ताको धारामा धमिलो पानी आउँछ । कहिलेकाहीँ त छुनै घिन लाग्ने गरी लेदो झर्छ । ह्वास्स गनाउँछ । धाराको पानी पिउन त परको कुरा, नुहाउन पनि सकिँदैन । जिउ चिलाउने, छाला सम्बन्धी रोगहरू बढेको छ । यस्तो कुरा पनि उपभोक्ताले भनिरहनुपर्छ र ? राज्यलाई नै थाहा छ तर समाधानको लागि पहल कतैबाट गरिएको छैन । यो दुर्भाग्य हो ।

हामीले पैसा तिरेर पानीसँगै रोग किनिरहेका छौं । पैसा तिरेपछि पानी नै खान पाउनुपर्ने हो । त्यो अवसर पाइएको छैन ।

कतिपयलाई त थाहा पनि छैन कि आफ्नो धारामा आउने पानी कहाँको हो र त्यो पानी कस्तो छ भनेर । कोलिफर्म मिसिएको पानी बेचेर संस्थान नाफामा गएको छ । नेपालभरिमै पोखराको संस्थानमात्रै नाफामा छ । पोखरेली उपभोक्ताले पर्याप्त मात्रामा पानी पाइरहेका छैनन् । जसका कारण उपभोक्तालाई धेरै समस्या छ । व्यावसायिक प्रतिष्ठानहरूले दैनिक ट्याङ्करको ट्याङ्कर पानी खरिद गरेका छन् । उपभोक्ताले प्रश्न नगरेका होइनन् । पटकपटक ज्ञापनपत्र लिएर कार्यालय पुगेका छन् । मिडियामा आफ्ना समस्या सुनाएका छन् । समस्या राखेकै छन् तर सम्बन्धित ठाउँबाट सुनुवाइ भएको छैन ।

पानी किनेर खानुपर्ने, धारामा पानी नआउने हुँदा स्वास्थ्य र आर्थिक हानि भइरहेको छ । उपभोक्ता मञ्चले पानीको नमुना सङ्कलन गरेको छ । त्यसको परीक्षण ल्याबबाट गराएको छ । एक समय आर्सेनिक मिसिएको पानी बिक्री भएको हल्ला चल्यो । आर्सेनिकको लेबल कति छ भनेर चेकजाँच गराइयो । त्यसमा कमी-कमजोरी देखियो, खानेपानीको इन्जिनियरलाई कारबाही पनि भएको थियो । संस्थानले वितरण गर्ने पानीमात्रै नभएर निजी क्षेत्रबाट वितरण हुने पानीको पनि बेलाबेला गुणस्तर जाँच गरिएको छ । गुणस्तरसँगै पानीको मूल्यमा पनि मञ्चले बढी काम गरेको थियो ।

२५ रुपैयाँमा बिक्री गर्दै आएको बोतलको पानीको मूल्य उपभोक्ताकै दबाबले १६ रुपैयाँ कायम गऱ्यो । पानीको क्वालिटीसँगै क्वान्टिटीमा पनि सरकारसँग मिलेर अनुगमन गरेको छ । बरु अनुगमनका रिपोर्टहरू कार्यान्वयन भएको छैन ।

जिम्मेवार निकायले पानी वितरण प्रक्रियालाई सहज बनाउनुपर्‍यो । उपभोक्तासँग संस्थानले गरेका शर्तनामा पालना गर्नुपर्‍यो । पानी आधारभूत कुरा हो । आफ्नो अधिकारका लागि उपभोक्ताले कानुनी बाटो रोज्नुपर्छ भन्ने मलाई लाग्छ । सरकारी र निजी क्षेत्रबाट पानीको अनुगमन पनि खासै भएको छैन । निरन्तर अनुगमन र नियमित शुद्ध पानी उपभोगको अधिकार उपभोक्ताले पाउनुपर्छ । सरकार सचेत हुनुपर्छ । (उपभोक्ता संरक्षण मञ्च, गण्डकीका अध्यक्ष कोइरालासँग रातोपाटीका लागि प्रकाश ढकालले गरेको कुराकानीमा आधारित)

रातोपाटीबाट

## मधेशका मुख्यमन्त्री सिंहले अस्पताल अनुगमनलाई निरन्तरता दिँदै

**महोत्तरी**/मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले बर्दिबासमा रहेका अस्पताल र स्वास्थ्य संस्थाको अनुगमन गर्दै अनुमति नलिई सञ्चालित सबैलाई तत्काल बन्द गर्न निर्देशन दिएका छन् ।

शुक्रबार साँझ प्रदेश स्वास्थ्य निर्देशनालयका अधिकारीसहित बर्दिवासका अस्पताल र स्वास्थ्य संस्थामा आकस्मिक अनुगमन गर्दै उनले कानुनी प्रक्रिया पूरा नगरी सञ्चालन गरिएका अस्पताल र स्वास्थ्य संस्था तत्काल बन्द गर्न निर्देशन दिए ।

बर्दिवासका आठ वटा निजी अस्पताल र स्वास्थ्य संस्थामा उनले छड्के गरेका थिए । सो क्रममा कानुनी प्रक्रिया पूरा नगरेका पाँच वटा संस्थालाई तत्काल बन्द गर्न उनले पत्रमार्फत निर्देशन दिए ।

सुरक्षा अर्थोपेडिक एण्ड डेण्टल क्लिनिक, खर्गा डेन्टल केयर सेन्टर, ॐ समाज डेण्टल हस्पिटल, खोमसुरा डेण्टल क्लिनिक र पिनाकल अस्पताललाई तत्काल बन्द गर्न निर्देशन दिएका छन् ।

यसअघि प्रदेशको राजधानी जनकपुरधाम र औद्योगिक नगरी वीरगञ्जका अस्पताल र स्वास्थ्य संस्थामा छड्के गर्नुभएका सिंहले कानुनी प्रक्रिया पूरा नगरी सञ्चालनमा रहेका सबैलाई बन्द गर्न निर्देशन दिइसकेका छन् ।

मुख्यमन्त्रीको उक्त अनुगमनले अस्पताल र क्लिनिकलाई कानुनी दायरामा ल्याउन र स्वास्थ्यसम्बन्धी सबै मापदण्ड कार्यान्वयन गर्न दबाब सृजना भएको सर्वसाधारणले प्रतिक्रिया दिएका छन् ।

## आमसञ्चार विधेयक पारित

**काठमाडौं**/प्रतिनिधिसभाको बैठकले 'आमसञ्चार परिषद् विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्तावलाई सर्वसहमतिले स्वीकृत गरेको छ ।

मंगलबारको बैठकमा विधेयकमाथि उठेका प्रश्नको जवाफमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जवाफ पेश गर्दै प्रेस काउन्सिलले गरिरहेका कामलाई अझ प्रभावकारी बनाउनका लागि प्रस्तावित परिषद्को भूमिका महत्त्वपूर्ण रहने बताए ।

सैद्धान्तिक छलफलका क्रममा सांसदहरूले राखेको धारणा मननीय र ग्रहणयोग्य रहेको मन्त्री गुरूङको भनाइ थियो । यसअघि मिडिया काउन्सिल विधेयकका रूपमा दर्ता गरिएकामा त्यसलाई नेपालीकरण गरी 'आमसञ्चार परिषद् विधेयक' का रूपमा ल्याइएको उनको भनाइ थियो । राष्ट्रिय आमसञ्चार नीति, २०७३ कार्यान्वयनका लागि यो विधेयक जरूरी रहेको समेत उनले उल्लेख गरे । नीतिले मार्ग निर्दृष्ट गरेका विषय समयसापेक्ष बनाउन विधेयकले भूमिका खेल्ने उनले बताए ।

पहिले छापा माध्याम बढी रहेको अहिले विद्युतीय माध्यामहरूको सङ्ख्या बढेको, प्रेस काउन्सिलले गरिरहेको कामलाई अझ प्रभावकारी बनाउन यो परिषद्को भूमिका रहने उनको भनाइ थियो ।

सभामुख देवराज घिमिरेले उक्त विधेयकमा संशोधन पेश गर्न प्रतिनिधिसभा नियमावली २०७९ को नियम ११२ बमोजिम संशोधन पेश गर्न चाहने सांसदले विधेयक शाखा सिंहदरबारमा दिनसक्ने जानकारी गराए ।


### डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**सुरुङ्गा नगरपालिका, सप्तरी**


## मन्त्री साहले एकै दिन गरे दुई आयोजनाको शिलान्यास



**राजविराज**/महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवल किशोर साहले सप्तरीमा एकैदिन दुई वटा आयोजनाको शिलान्यास गरेका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा एकै दिन दुईवटा आयोजना निर्माणको शिलान्यास गरेका हुन् ।

वडा नं.९ स्थित महाविर उच्च माध्यमिक विद्यालयमा थप कक्षाकोठा भवन निर्माण तथा सोही वडा स्थित माहाबीर चौक भगवती स्थान देखी हनुमान मन्दिर गेट सम्मको सडक स्तरोन्नती कार्यको उनले गरे ।

शिलान्यास गरेपछि बोल्दै मन्त्री साहले शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास बिना मुलुकको विकास सम्भव नरहेको बताए ।

उनले शिक्षा, स्वास्थ्य र पूर्वाधार निर्माण लगायतका क्षेत्रमा आफुले प्रयत्न गरिरहेको बताउँदै उनले यसमा सबैको सकारात्मक सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे ।

विकास निर्माण आफ्नो पहिलो प्राथमिकता रहेको र वाचुन्जेल विकास र जनताको सेवक भई काम गर्ने प्रतिबद्धता जनाए ।

आफ्नो निर्वाचन क्षेत्र समेत रहेको उक्त वडामा जनताको आवश्यक्तालाई बुझेर आफ्नो प्रयास पहलमा भौतिक पुर्वाधार मन्त्रालयबाट उक्त आयोजनाका लागी क्रमशः १ करोड र १ करोड ७१ लाख रुपैया बजेट व्यवस्थापन गर्न सफल भएको उनले जानकारी दिए ।

यसअघि गत शनिवार पनि मन्त्री साहले जिल्लाको अग्नीसाईर कृष्णासवरण गाउँपालिका ६ मोहनपुरमा १ करोड ८७ लाख १९ हजारको लगानीमा निर्माण हुने पक्की सडक तथा सप्तकोशी नगरपालिका २ मा गोबर्द्धन बैरागी जनता माध्यमिक विद्यालयमा थप कक्षाकोठा भवन निर्माणको शिलान्यास गरेका थिए ।

# पाँच वर्षिया बालिका बलात्कृत

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिका ७ की एक पाँच वर्षिया बालिका बलात्कृत भएकी छिन्। उनलाई छिमेकी १९ वर्षिय कुदुशले बलात्कार गरेका हुन्।

नातेदार कहाँ पुऱ्याईदिन्छु भन्दै छिमेकी कुदुशले मोटरसाइकलमा लगेर बिच बाटोमा एकान्त स्थलमा पुऱ्याइ बलात्कार गरेको परिवारजनलाई उदृत गर्दै प्रहरीले जनाएको छ।

पीडित बालिकाको विगत तीन दिनदेखि स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ। पीडित बालिकाको गोप्य अंगबाट अत्याधिक रक्तश्राव भइरहेको अवस्थामा आफन्तले अस्पताल ल्याई पुऱ्याएका थिए। अस्पताल श्रोतका अनुसार प्रारम्भिक चरणमै उनीसँग बलात्कार भएको देखिएको थियो।

घटना क्रम अनुसार फागुन १४ गते सिमावर्ती भारतीय क्षेत्रमा रहेका नातेदार बिरामी पर्दा छिमेकी १९ वर्षिय कुदुसलाई त्यहाँसम्म पुऱ्याईदिन ती बालिकाकी आमाले आग्रह गरेका थिए। दश किलोमिटर टाढा रहेको आफन्तकहा पहिले छोरीलाई पुऱ्याइदिन्छु र त्यसपछि तपाईलाई लग्छु भन्दै दिउँसो मोटरसाइकलमा लिएर गएका छोरीलाई साझ पख भने बेहोस अवस्थामा ल्याएर घरमा छाडिदिएको बालिकाकी आमाले सुनाईन।

उनले छोरा जस्तो मानेको व्यक्तिबाट यस्तो घृणित काम भएको भन्दै अविलम्ब पक्राउ गरी कडा कारवाही हुनुपर्नेमा माग गर्दै प्रहरीमा उजुरी दिएकी छिन्। प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले उक्त घटनाका आरोपित कुदुशको खोजिकार्य भइरहेको जानकारी दिएका छन्।

# पुल भत्केको पाँच बर्ष बितिसक्दा पनि बनेन्

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ स्थित तिलाठी-हनुमाननगर तथा भारतीय बजार कुनौली जोड्ने सडक बाढीले भत्काएको पाँच बर्ष बितिसकेको छ।

बि.स.२०७७ साल साउनमा जीता, महुली र खाँडो खोलाको बाढीले सो सडकको झण्डै सय मिटर सडक र २ वटा स-साना पुललाई क्षतीग्रस्त बनाएको थियो। सडको केही भाग र पुल बाढीले भत्काएको पाँच वर्ष वित्न लाग्दा समेत त्यसको मर्मत सम्भार र पुर्ननिर्माण कार्य शुरु हुन नसक्दा आवत जावतमा जोखिम बढेको छ।

बाढीले सडकमा पर्ने २ वटा साना पुलको दाँया बायाँ दुबै तिरको करिब ५०/५० मिटर र दुई वटा पुललाई समेत क्षती पुऱ्याएको थियो। आवत जावतमा समस्या भएपछि स्थानीय केही टेम्पो, सिटरिक्सा तथा म्याजिक लगायत सवारीका चालकले पुलको केही भागमा ढुंगा, माटो र बालुवाको बोरा राखेर जोखिमपुर्ण ओहोरदोहोर गर्दै आएका छन् भने ठूला सवारी साधन भने चल्न छोडेको छ।

तिलाठी-हनुमाननगर सडक खण्ड भएर सप्तरी सदरमुकाम राजविराज जाने यात्रु अहिले ५ किलोमिटर टाढा पर्ने अर्कै बाटो प्रयोग गरेर आवत जावत गर्न बाध्य भएका छन्।

कोशी, जीता, महुली, खाडो लगायतका नदी खोलाबाट बग्ने पानीको उचित निकास नहुदा वर्षेनी यहाँका जनताले सडक कटानबाट सास्ती भोग्नु परेको तिलाठी कोइलाठी गाउँपालिकाका विपद व्यवस्थापन अधिकृत राजेश कुमार झा बताउँछन्।

उनले बाढीको पानी निकासका लागी यहाँ स-साना पूल होइन, एउटा लामो पूल नै आवश्यक रहेको बताए। गाउँपालिकाको बजेटले सो सम्भव नभएकोले प्रदेश वा संघीय सरकारले चासो लिएर ठूलो पुल बनाउनु पर्ने उनको भनाई छ।

राजविराज भन्सार कार्यालय समेत यसै सडक खण्डको ३ सय मिटर दुरीमा मात्र अवस्थित छ। बाढीले सडक बगाएपछि ठूला सवारी साधनको आवागमन ठप्प हुँदा भन्सारको राजश्व असुली समेत प्रभावित भएको छ।

दैनिक रुपमा १ हजार देखि २ हजार सर्वसाधारण आवतजावत गर्ने उक्त बाटो कटानमा परेपछी अहिले सय दुई सयको संख्यामा मात्र यात्रु आवतजावत गर्ने गरेको स्थानीयहरु बताउँछन। उनीहरुले चाँडो सडक निर्माणको माग समेत गरेका छन्।

# जनतमत पार्टीको पोष्टप्रति पत्रकार महासंघको आपत्ति

**राजविराज**/नेपाल पत्रकार महासंघ सप्तरीले जनमत पार्टीका अध्यक्ष डा सिके राउतको फेसबुक पेज मार्फत सप्तरी तथा मधेशका पत्रकारलाई लक्षित गरी गरिएको पोष्ट प्रति आपत्ति जनाएको छ।

महासंघले एक प्रेस बिज्ञप्ती जारी गर्दै फागुन ८ गते जनमतको सचिवालय पेजबाट 'सप्तरीमा कुनै पनि रिपोर्टिङ गर्दा अन्य जिल्ला वा पहाड तिरको पत्रकार ल्याई निष्पक्ष रिपोर्टिङ गर्नु' भन्ने शब्द सहित लेखिएको प्रति आपत्ति जनाएको हो।

राउतको सचिवालयले दिएको अभिव्यक्ति प्रति खेद प्रकट गर्दै जनमत पार्टीले २०८० साल माघ ८ गते मधेश कृषि विश्वविद्यालय शिलान्यासका क्रममा उत्पन्न विवाद र झडपबारे समाचार नलेखेको भन्नु सरासर गलत भएको उल्लेख गर्दै 'त्यसबेलाका पत्रपत्रिका, अनलाइन, टेलिभिजन अहिले पनि हेर्दा त्यस सम्बन्धी धेरै समाचार आएको हामी हेर्न सक्छौ।' सचिव खगेन्द्र कार्कीले जारी गरेको बिज्ञप्तीमा उल्लेख छ।

गौरवमय इतिहास बोकेको सप्तरीको पत्रकारिता अझै आफ्नो पेशाप्रति इमान्दार रहेको भन्दै बिज्ञप्तीमा यहाँका पत्रकार हरेक दल, जाति, धर्मसहित प्रत्येक क्षेत्रमा कलम चलाउँदै आएको कसैसँग नलुकेको उल्लेख गरिएको छ।

जनमत पार्टीको यस किसिमको अभिव्यक्ति सप्तरीको समग्र पत्रकारिता क्षेत्र लाई नै बदनाम गर्ने खालको रहेको जनाउँदै सप्तरीका समग्र पत्रकारको मान सम्मानमा ठेस पुर्याउने उदेश्यले लेखिएको शव्दप्रति घोर भर्त्सना गरिएको छ।

'उक्त अभिव्यक्ति फिर्ता लिन आग्रहसहित भविष्यमा यस प्रकारको पत्रकार विरुद्धका अभिव्यक्तिहरु सामाजिक संजाल वा अन्य कुनै माध्यममा प्रयोग नगर्न सचेत समेत गराउँदछौं' विज्ञप्ति मार्फत सचेत समेत गराईएको छ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश


## अन्तर्राष्ट्रिय समाचार

# ट्रम्प र जेलेन्स्कीबीचको वार्तामा चर्काचर्की

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनका नेता भोलोदिमिर जेलेन्स्कीबीच शुक्रबार ओभल अफिसमा भएको वार्तामा दुई नेताबीच आफ्ना आफ्ना अडान राख्ने क्रममा चर्काचर्की भएको छ। वार्ताका क्रममा दुबै नेताले आफ्ना धारणा राख्ने क्रममा उहाँहरूबीच भनाभनको अवस्था आएको हो। वार्तामा अमेरिकी राष्ट्रपति ट्रम्पले भनेको कुरामा असहमति जनाएपछि आक्रोशित ट्रम्पले जेलेन्स्कीसँग भन्नुभयो, "तपाईंहरू या त सम्झौता गर्न तयार हुनुपर्छ। अमेरिका युक्रेनलाई सहयोग गर्ने बाटोबाट बाहिरिइसकेको छ।"

रुसमा अचानक अमेरिकी पहुँचलाई लिएर तनाव कम गर्ने उद्देश्यले भएको बैठकले उहाँहरूबीच भनाभनको अवस्था आएको हो। "तपाईं लाखौं मानिसहरूको जीवनसँग जुवा खेल्दै हुनुहुन्छ। 'तपाईं तेस्रो विश्वयुद्ध निम्त्याउने जुवा खेल्दै हुनुहुन्छ र तपाईंले जे गरिरहनुभएको छ, त्यो यो देशप्रति अपमानजनक छ," ट्रम्पले भन्नुभयो। अमेरिकी राष्ट्रपतिले हालै आफ्ना युक्रेनी समकक्षीलाई तानाशाहको संज्ञा दिएपनि युक्रेनको खनिज सम्पदा बाँडफाँड गर्ने र रुससँग शान्ति सम्झौताबारे छलफल गर्न अमेरिकी राष्ट्रपति ट्रम्पको निमन्त्रणामा जेलेन्स्कीले ह्वाइट हाउसको भ्रमण गर्नुभएको हो। फ्रान्स र बेलायतका नेताहरू पनि ह्वाइट हाउसमा आएर ट्रम्पलाई किएभसँगको सहकार्य नछोड्न गरिएको आग्रहपछि यो बैठक भएको हो।

यद्यपि, उपराष्ट्रपति जेडी भान्सले युद्ध अन्त्यका लागि 'कूटनीति' आवश्यक रहेको बताएपछि आक्रोश चुलिएको थियो। भान्सको भनाइपछि जेलेन्स्कीले 'कस्तो प्रकारको कूटनीति' भनेर साध्नुभएको र भान्सले त्यसपछि उहाँलाई राष्ट्रपतिको कार्यालयमा 'अपमानजनक' भएको आरोप लगाउन्भएको थियो। विवादपछि निकै अपेक्षा गरिएको अमेरिका र युक्रेनबीच हुने भनिएको खनिजसम्बन्धी सम्झौतामा हस्ताक्षर भएन र जेलेन्स्कीलाई अमेरिकी राष्ट्रपति कार्यालयबाट बाहिरिन भनियो।

राष्ट्रपतिको कार्यालयबाट बाहिरिएपछि फक्स न्यूजसँग कुरा गर्दै जेलेन्स्कीले आफु र ट्रम्पबीच हुन पुगेको विवाद 'दुवै पक्षका लागि ठीक नभएको' प्रतिक्रिया दिनुभयो। सो क्रममा उहाँले पछिल्लो घटनापछि पनि दुई देशबीच सम्बन्ध अगाडि बढ्न सक्ने आफ्नो विश्वास रहेको बताउनुभएको छ। वार्ताका क्रममा ट्रम्पले रुससँग लडाइँ गरेर युक्रेनले जित्न नसक्ने बताउनुभएको र जेलेन्स्कीले आफूले युद्धविराम चाहेको उल्लेख गरेको बताएको अमेरिकी राष्ट्रपतिको कार्यालय निकट स्रोतले जनाएको छ। एजेन्सी

# युक्रेन 'एक्लो छैन' : यूरोपेली नेता

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेनलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको जित देखिने गरी युद्धविराम गराउन बाध्य पार्ने छन् भन्ने चिन्तामा रहेका अमेरिकी सहयोगी युरोपेली मुलुकका नेताले अमेरिकी र युक्रेनी नेताहरूबचिको चर्काचर्की सञ्चारमाध्यममा आएसँगै जेलेन्स्की र युक्रेनको समर्थनमा आफ्ना भनाइहरू सार्वजनिक गरेका छन्। युरोपेली आयोग र युरोपेली काउन्सिलका क्रमशः प्रमुख उर्सुला भोन डेर लेयेन र एन्टोनियो कोस्टाले जेलेन्स्की कहिल्यै एक्लो नभएको बताएका छन्।

"बलियो बन्नुस्, साहसी बन्नुस् र निडर बन्नुस्", भोन डेर लेयन र कोस्टाले सामाजिक सञ्जालमा संयुक्त विज्ञप्ति जारी गर्दै जेलेन्स्कीलाई भन्नुभयो, "हामी न्यायपूर्ण र स्थायी शान्तिका लागि तपाइको साथमा सहकार्य गरिरहनेछौं।" यसैबीच, इयूका शीर्ष कूटनीतिज्ञ काजा कल्लासले युरोपेली शक्ति र वासिङ्टनबीचको ट्रान्सएटलान्टिक गठबन्धनबारे अमेरिकी नेतृत्वमाथि प्रश्न उठाउनुभएको छ। उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "आज, यो स्पष्ट भयो कि यो चुनौतीको सामना गर्नको लागि स्वतन्त्र विश्वलाई नयाँ नेताको खाँचो छ। यसका लागि हामी युरोपेलीहरू के गर्छौं यसमा निर्भर रहनेछ।" वार्ता अवरूद्ध भएसँगै युक्रेनको समर्थनमा पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले जेलेन्स्कीलाई सङ्केत गर्दै भन्नुभयो, "तपाईं एक्लो हुनुहुन्न।"

बेलायती प्रधानमन्त्री केइर स्टार्मरले ट्रम्प र जेलेन्स्की दुवैसँग फोनमा कुरा भएको र किएभलाई 'अटुट समर्थन' गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले संयुक्त राज्य अमेरिका, युरोप र युक्रेनका सहयोगीहरूबीच 'अविलम्ब' शिखर सम्मेलन गर्न आह्वान गर्नुभएको छ। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले युक्रेन युद्धमा रुस 'आक्रमणकारी' भएको बताउनुभएको छ। उहाँले भन्नुभयो, "आक्रमणकारी रुस हो। युक्रेनलाई सहयोग गर्ने र रुसलाई तीन वर्षअघि नै प्रतिबन्ध लगाउने र त्यसलाई निरन्तरता दिने हाम्रो निर्ण सही थियो।" जेलेन्स्कीविरुद्ध ट्रम्पले लगाएको आरोपलाई संकेत गर्दै उहाँले भन्नुभयो, "यदि कोही तेस्रो विश्वयुद्धमा खेलिरहेको छ भने त्यो रूसी नेता पुटिन हुन्।"

जर्मनीका सम्भावित चान्सलर फ्रेडरिक मर्जले जेलेन्स्कीलाई समर्थन गर्ने आश्वासन दिनुभएको छ। "हामीले यस भयानक युद्धमा आक्रमणकारी र पीडितलाई कहिल्यै भ्रमित गर्नु हुँदैन," मर्जले भन्नुभयो। निवर्तमान चान्सलर ओलाफ स्कोल्जले पनि युक्रेनको समर्थन गर्नुभएको छ भने विदेशमन्त्री एनालेना बेयरबोकले पनि किएभको 'शान्ति र सुरक्षाको खोजी हाम्रो हो' भन्नुभएको छ। यसैबीच, हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन दुवैका निकटतम साझेदारमध्येका एक ओर्बानले शान्तिका लागि बहादुरीका साथ उभिएकोमा धन्यवाद दिनुभएको छ। ओर्बानले एक्समा लेख्नुभएको छ, "शक्तिशाली मानिसले शान्तिको पक्षमा माहोल बनाउँछ, कमजोर मानिसले युद्ध गर्छ।"

इटालियन प्रधानमन्त्री जियोर्जिया मेलोनीले संयुक्त राज्य अमेरिका, युरोप र तिनका सहयोगीहरूलाई युक्रेन युद्धको विषयमा एकजुट हुन आह्वान गर्नुभएको छ। उहाँले भन्नुभयो, "ढिलो नगरी शिखर सम्मेलन आवश्यक छ। युक्रेनबाट सुरु भएको आजको प्रमुख चुनौतीहरूको सामना कसरी गर्ने भन्ने बारेमा हामी स्पष्ट रूपमा कसरी कुरा गर्न चाहन्छौँ।" "युक्रेनका लागि नेदरल्याण्डको समर्थन अझै कम भएको छैन",प्रधानमन्त्री डिक स्कूफले एक्समा भन्नुभयो, "विशेष गरी अहिले हामी स्थायी शान्ति चाहन्छौं र रूसले सुरु गरेको आक्रमणको युद्धको अन्त्य चाहन्छौँ।" किएभ कट्टर सहयोगी पोल्याण्डले विवादपछि युक्रेनीहरूलाई आश्वस्त पार्न कदम चालेको थियो। पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले जेलेन्स्कीलाई सम्बोधन गर्दै भन्नुभयो, "प्रिय युक्रेनी मित्रहरु, तपाईं एक्लो हुनुहुन्न।" स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले युद्धग्रस्त युक्रेनको पक्षमा आफ्नो देश उभिने बताउनुभएको छ। "युक्रेनी मित्रहरू, स्पेन तपाईंहरूको साथमा उभिएको छ," सन् २०२२ मा रुसले गरेको आक्रमणपछि युक्रेनका कट्टर समर्थक सान्चेजले एक्समा लेख्नुभएको छ। एजेन्सी

# मेयर कपको दोश्रो संस्करण कंचनरुपमा शुरु, उद्घाटन खेलमा कंचनरुप बिजयी



**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिकामा शनिवारदेखि मेयर कप सिजन २ खेलकुद प्रतियोयिगता शुरु भएको छ।

प्रतियोगिताको दोस्रो संस्करण्को प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवले उद्घाटन् गरेका छन्। सो अवसरमा उनले खेलकुदको विकासका लागि गाउँ गाउँमा खेल पुर्वाधार निर्माणलाई प्राथमिकतामा राखिनुपर्ने भन्दै यसका लागि आफूले समेत पहल र सहयोग गर्ने प्रतिवद्धता जनाए।

प्रतियोगितका आयोजक कंचनरुप नगरपालिकाका प्रमुख ललन प्रसाद गुप्ताले शिक्षा र स्वास्थ्य संगै आफूले खेलकूद क्षेत्रलाई पनि उच्च प्राथमिकतामा राखेको भन्दै यसले स्वस्थ्य समाज निर्माणमा समेत योगदान पुऱ्याउने बताए।

यस्ता प्रतियोगिताले योग्य खेलाडी उत्पादन तथा जिल्लालाई माथि उकास्न समेत टेवा पुऱ्याउने भन्दै उनले नगरपालिकाको स्रोत साधनले भ्याए सम्म खेलकूदको विकासका लागि लगानी गर्ने प्रतिवद्धता जनाए।

उद्घाट्न समारोहमा नेकपा एमालेका जिल्ला इन्चार्ज सुमनराज प्याकुरेल, उपप्रमुख मुन्ना पोखरेल, निर्वमान नगरप्रमुख बसन्त मिश्रा लगायतले पनि आ-आफ्नो धारणा राखेका थिए।

यसैबीच उद्घाटन खेलमा कंचनरूप नगरपालिकाले सप्तकोशीलाई ७ बिकेट पराजित गर्दै बिजय सुरूवात गरेको छ। शनिवार कंचनरूप नगरपालिका ९ स्थित खैरवन खेलमैदानमा उदघाटन खेलमा सप्तकोशी नगरपालिकाले दिएको १ सय ६१ रनको लक्ष्यलाई कंचनरूपले ७ बिकेट गुमाएर बिजयी हात पारेको हो।

प्रतियोगितामा क्रिकेट, फुटबल र व्याडमिनटन खेलमा सहभागि टोलीबीच प्रतिस्पर्धा हुनेछ। सात दिन सम्म चल्ने प्रतियोगितामा आयोजक कंचनरुप नगरपालिकाका साथै राजविराज नगरपालिका, हनुमाननगर कंकालिनि नगरपालिका, सप्तकोशी नगरपालिका, सुरुङ्गा नगरपालिका, बोदे बरसाईन नगरपालिका, छिन्नमस्ता गाउँपालिका, तिलाठी कोईलाडी गाउँपालिका र रुपनी गाउँपालिका गरि कूल ९ वटा पालिकाका टिमको सहभागिता रहेको छ।

### रिङ्कु सदालाई ...

गत माघ २७ गते राति शौचका लागि घरबाहिर निस्केकी रिङ्कु स्थानीय तीन युवाबाट सामूहिक बलात्कारमा परेकी थिइन्। गत माघ ३० गते साँझ पीडित किशोरी आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत भेटिएकी थिइन्।

विज्ञप्तिमा भनिएको छ, "हामीले यो रिङ्कु दासको घटनालाई नजिकबाट हेरिरहेका छौं, यस्तो जघन्य अपराधप्रति यतिका दिन बितिसक्दा पनि सरकारको गम्भीरता देखिएको छैन, अपराधीलाई संरक्षण दिने, प्रमाण नष्ट गर्ने वा घटनालाई राजनीतिक संरक्षण दिने जुनसुकै प्रयासलाई हाम्रो पार्टी कडा विरोध गर्दछ।"

सो पार्टीले सो घटनाबारे सम्बन्धित निकायले निष्पक्ष, पारदर्शी र प्रभावकारी छानबिन गरी पीडित परिवारलाई शीघ्र न्याय दिलाउनुपर्ने माग गरेको छ।

अपराधलाई रोकथाम गर्न कडा नीति अवलम्बन गर्नुपर्ने अध्यक्ष महतोको भनाइ छ। पार्टीले न्यायका लागि सङ्घर्षरत सबै नागरिक, अधिकारकर्मी र न्यायप्रेमी सङ्घसंस्थासँग ऐक्यबद्धता जनाउँदै, रिङ्कु सदा हत्याकाण्डलगायत अन्यायविरुद्ध सशक्त दबाब सृजना गर्न आग्रह गरेको छ।

# बन्दको पूर्वसन्ध्यामा संघर्ष समितिद्वारा घरदैलो



**राजविराज**/पुस्तौ देखि बिटौरी र ब्लक जग्गामा बसोवास गर्दै आएका राजविराज नगरवासीको तर्फबाट लालपुर्जा लगायतका विभिन्न ७ बुदे माग राखि गठित संघर्ष समितिले राजविराज बन्द कार्यक्रमको पुर्व संध्यामा घर घर र पसल पसल पुगि कार्यक्रम सफल बनाउन अपिल गरेको छ।

संघर्ष समतिले नगरका बिटौरी र ब्लक जग्गामा बसोबास गर्दै आएका नागरिकालाई लालपुर्जा, राजविराज बर्सपार्कको अधुरो निर्माण कार्य अविलम्ब पुरा गरी संचालन, हटिया कम्पलेक्सको निर्माण कार्य छिटो सम्पन्न गरी व्यापारीलाई हस्तान्तरण र राजरंगशालाको स्तरोन्नती लगायतका ७ बुदे माग अघि सार्दै फागुन १८ गते आईतवार राजविराज बजार बन्दको आह्वान गरेको हो।

संघर्ष समितिका संयोजक इरसाद अंसारी, जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, सप्तरी उद्योग बाणिज्य संघका पुर्व अध्यक्ष मनोज मुन्धडा, नेपाली काँग्रेसका नेता शम्भुलाल देव सहितको टोली नगरको घर घर र पसल पसलमा पुगी नगरवासीको जायज माग सम्बोधनका लागि थालिएको आन्दोलनमा साथ दिन अपिल गरेका थिए।

संघर्ष समितिले फागुन १८ गते राजविराज बन्द, फागुन २१ गते नगरमा कालो झण्डा झुण्डयाउने, फागुन २५ गते राजविराज नगरपालिका कार्यालयमा तालावन्दी, फागुन २८ गते राजविराज स्थित नापी तथा मालपोत कार्यालयमा तालाबन्दी तथा चैत्र ४ गते देखि स्थानिय गजेन्द्र चौकमा अनिश्चितकालिन रिले अनसन लगायतका आन्दोलन कार्यक्रम घोषणा गरेको छ।

### मधेशवादी दल...

जनताको एकता अपरिहार्य भइसकेको उनले जिकिर गरे।

अन्य प्रदेशमा पहिचानको सवाल कम सम्बोधन भए पनि मधेस प्रदेशको नामकरण पहिचानबाट भएकामा गर्व महसुस भएको उल्लेख गर्दै अध्यक्ष दाहालले माओवादी र मधेसी जनता एक ठाउँमा केन्द्रित नहुने हो भने प्राप्त उपलब्धि खोसिने खतरा रहेकोतर्फ सचेत गराए।

माओवादीले सबैभन्दा पहिले मधेसी मुक्ति मोर्चा गठन गरेर जनयुद्ध थालनी गरिएको स्मरण गराउँदै अध्यक्ष दाहालले मधेससँगै वर्गीय मुक्तिका लागि जीवन आहुति दिने सहिदका सपना पूरा गर्ने जिम्मेवारी माओवादीले लिने प्रतिबद्धता जनाउनुभयो।


## रक्तदान गरौं

- हाम्रो थोरै रगतले पनि अरुको ज्यान जोगिन सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान महादान र जीवन दान हो ।

आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन्। धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं। **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*